MassDEP
Commonwealth of Massachusetts
Executive Office of Energy & Environmental Affairs

Department of Environmental Protection

100 Cambridge Street Suite 900 Boston, MA 02114 • 617-292-5500

माउरा टी हिले
गभर्नर

किम्बर्ले ड्रिसकोल
ल्युटनेन्ट गभर्नर

रेबेका एल टेपर
सचिव

बोनी हेपल
आयुक्त

**सार्वजनिक सूचना**

**तल्लो चार्ल्स नदी/चार्ल्स घाँटी तथा एलेवाइफ ब्रूक/अपर मिस्टिक नदीमा**
**CSO निकासहरूका लागि**
**परिवर्तन लागु गर्ने बारे**
**अस्थायी निर्णय**

म्यासाचुसेट्स स्वच्छ जल ऐन, M.G.L. c. 21, §§ 26, तथा म्यासाचुसेट्स सतह जल गुणस्तर मानकहरू, 314 CMR 4.00, द्वारा प्राप्त अधिकार अन्तर्गत म्यासाचुसेट्स वातावरण संरक्षण विभाग (MassDEP) ले MWRA र क्याम्ब्रिज शहरद्वारा अधिकतम पाँच वर्षको अवधि (अगस्ट 29, 2029) सम्म तल्लो चार्ल्स नदी/चार्ल्स घाँटी (वाटरटाउन बाँधदेखि नयाँ चार्ल्स नदीसम्म) CSO डिस्चार्जको लागि परिवर्तन लागु गर्ने, साथै MWRA र क्याम्ब्रिज तथा सोमरभिल शहरद्वारा अधिकतम पाँच वर्षको अवधि (अगस्ट 29, 2029) सम्म एलेवाइफ ब्रूक/अपर मिस्टिक नदीमा CSO डिस्चार्जको लागि परिवर्तन लागु गर्ने प्रस्ताव गरेको यसै सूचनाद्वारा जानकारी गराइन्छ।

मार्च 8, 2024 देखि, अस्थायी निर्णयहरू, प्राविधिक तथ्यपत्रहरू, र सारांश तथ्यपत्रहरू https://www.mass.gov/service-details/massdep-public-hearings-comment-opportunities मा उपलब्ध हुनेछन्। वैकल्पिक रूपमा, MassDEP सतह जल निकास अनुमति कार्यक्रमकी क्याथी कोनियारिसलाई catherine.coniaris@mass.gov वा 617-835-6693 मा सम्पर्क गरेर पनि कागजातहरूको प्रतिलिपि पाउन सकिन्छ। अस्थायी निर्णयहरूबारे लिखित टिप्पणीहरू अप्रिल 22, 2024 को बेलुका 5:00 बजे सम्म स्वीकार गरिनेछ।

दुईवटा भर्चुअल जन सुनुवाइहरू मार्च 28, 2024 दिनको 1:00 बजे र बेलुका 6:00 बजे राखिएको छ। सुनुवाइमा उपस्थित हुन चाहनेहरूका लागि, दर्ता सम्बन्धी जानकारी https://www.mass.gov/service-details/massdep-public-hearings-comment-opportunities

मा उपलब्ध हुनेछ।
दर्ता गर्दा अनुवाद सेवाहरूका लागि अनुरोध गर्न सकिन्छ।

MassDEP ले लिखित टिप्पणीहरू विशेष रुपमा massdep.publiccommentnpdes@mass.gov मा इमेल मार्फत बुझाउन प्रोत्साहित गर्दछ, र यसको विषय: CSO परिवर्तन लेख्नुपर्छ। यदि सम्भव नभए, कृपया MassDEP, ध्यानाकर्षण क्याथी कोनियारिस, 100 क्याम्ब्रिज स्ट्रिट सुइट 900, बोस्टन, MA 02114 मा मेल मार्फत पठाउनुहोस्।

टिप्पणी अवधि पूरा भएपछि, MassDEP ले अन्तिम निर्णयहरूका साथै टिप्पणीहरूको प्रतिक्रियाको कागजात जारी गर्नेछ र लिखित टिप्पणीहरू बुझाउने प्रत्येक व्यक्ति वा संस्थालाई यसको प्रतिलिपि पठाउनेछ।

विशेष व्यवस्थाहरूको लागि, कृपया MassDEP विविधता कार्यालयको 617-292-5751 मा कल गर्नुहोस्। TTY# MassRelay सेवा 1-800-439-2370। अनुरोध गरेमा यो जानकारी वैकल्पिक स्वरुपमा उपलब्ध छ।

विभागीय आदेश अनुसार

बोनी हेपल, आयुक्त

**यो जानकारी वैकल्पिक स्वरुपमा उपलब्ध छ। कृपया मेलिक्जा एसेनीलाई 617-626-1282 मा सम्पर्क गर्नुहोस्।**

**TTY# MassRelay** सेवा **1-800-439-2370 MassDEP** वेबसाइट:

**www.mass.gov/dep**

**रिसाइकल गरिएको कागजमा छापिएको**

# सारांश तथ्यपत्र
# संयुक्त ढल अतिप्रवाह परिवर्तन जारी
# म्यासाचुसेट्स जल स्रोत प्राधिकरण र क्याम्ब्रिज तथा सोमरभिल शहर

**परिचय:**

संयुक्त राज्य अमेरिकाका बोस्टन जस्ता पुराना सहरहरू साथै वरपरका धेरैवटा सहरहरूमा वर्षाको भल र ढललाई एउटै पाइपद्वारा फोहोर पानी प्रशोधन केन्द्रहरूमा पुऱ्याउने गरि डिजाइन गरिएको थियो। यद्यपि, अत्यन्त ठूलो वर्षामा यी पाइपहरूद्वारा सम्पूर्ण पानी जान नसकेर घरहरूमा ढल फिर्ता आउन नदिनको लागि, यी संयुक्त ढलहरूमा संयुक्त ढल अतिप्रवाह (CSOs) नामक राहत बिन्दुहरू समावेश गरियो, जहाँ पाइपहरूबाट ढल निस्कासन गराएर अप्रशोधित ढललाई बाहिर वातावरणमा छाडिने गरियो। यी अतिप्रवाहहरूलाई कम गर्ने वा हटाउने कार्य जटिल र महँगो हुन्छ।

सन् 1990 को दशकदेखि यता, म्यासाचुसेट्स जल स्रोत प्राधिकरण (MWRA) र शहरहरू मिलेर उक्त CSO संरचनाहरूलाई बन्द गर्न साथै बाँकी रहेको CSO बाट कति पटक र कति मात्रामा अप्रशोधित वा आंशिक रूपमा प्रशोधित फोहोर पानीलाई बाहिर फ्याँक्ने यसमा कमी ल्याउन काम गरेका छन्।

सन् 1999 मा, म्यासाचुसेट्स वातावरण संरक्षण विभाग (MassDEP) ले MWRA र क्याम्ब्रिज र सोमरभिल शहरलाई CSO डिस्चार्जलाई कम गर्ने वा हटाउने परियोजनाहरू डिजाइन र निर्माण गरिने अवस्थामा एउटा सीमित अवधि सम्म एलेवाइफ ब्रूक र अपर मिस्टिक नदी क्षेत्रमा ब्याक्टेरिया सम्बन्धी गुणस्तर मापदण्डहरू पूर्ति गर्न सक्ने गरि राज्य सतह जल गुणस्तर मापदण्डहरू (एक परिवर्तनको रूपमा) मा अस्थायी परिवर्तन गरेको छ। उक्त परिवर्तनलाई धेरै पटक नवीकरण गरिएको छ। हालको परिवर्तनको म्याद 30 अगस्ट 2024 मा समाप्त हुन्छ। MWRA र क्याम्ब्रिज र सोमरभिल शहरद्वारा गर्नुपर्ने काम अझै बाँकी रहेकोले, MassDEP ले पाँच वर्षसम्म यो परिवर्तनलाई नवीकरण गर्ने सार्वजनिक प्रक्रिया सुरु गरेको छ।

**जन सहभागिता र टिप्पणी:**

- MassDEP ले पाँच वर्षसम्मको लागि परिवर्तन नवीकरण गर्ने अस्थायी निर्णय जारी गर्नेछ। जनताले मार्च 8, 2024 मा सुरु भएर अप्रिल 22, 2024 मा समाप्त हुने 45-दिनको टिप्पणी अवधि भित्र आफ्नो टिप्पणीहरू बुझाउन सक्छन्।
- अस्थायी निर्णय र प्राविधिक तथ्यपत्रको समीक्षा कसरी गर्ने साथै मार्च 28, 2024 मा हुने जन सुनुवाइमा उपस्थित हुन कसरी दर्ता गर्ने भन्ने विषयमा जानकारी MassDEP को जन सुनुवाइ र टिप्पणी वेबपृष्ठमा पाउन सकिन्छ।
- सार्वजनिक टिप्पणी अवधि पूरा भएपछि, MassDEP ले प्राप्त टिप्पणीहरूको समीक्षा गरेर अन्तिम निर्णय जारी गर्नेछ।

- यदि परिवर्तन नवीकरणको बारेमा तपाईंको कुनै प्रश्नहरू छन् भने वा थप जानकारी चाहनुहुन्छ भने, कृपया तल दिइएको MassDEP कर्मचारीहरूलाई सम्पर्क गर्नुहोस्।

**MWRA र क्याम्ब्रिज तथा सोमरभिल शहरका लागि प्रस्तावित आवश्यकताहरूको सारांश:**

- CSO डिस्चार्जहरूलाई परिवर्तनमा उल्लेख भएअनुसार सीमित गरिनेछन्।
- MWRA ले आफ्नो नदीको पानीको गुणस्तर अनुगमन कार्यक्रम जारी राख्नेछ र MassDEP र संयुक्त राज्य वातावरण संरक्षण निकाय (EPA) लाई वार्षिक रूपमा प्रतिवेदन बुझाउनेछ।
- सन् 2024 को अन्त्य सम्ममा, MWRA ले सबै 86 आउटफलहरूका सम्बन्धमा MassDEP र EPA लाई सूचित 16 वटा गैर-अनुपालनकर्ता आउटफलहरूमा केन्द्रित रहेर एउटा पूरक प्रतिवेदन बुझाउनेछ।
- सन् 2025 देखि, MWRA र क्याम्ब्रिज तथा सोमरभिल शहरले MassDEP र EPA लाई वार्षिक CSO डिस्चार्ज प्रतिवेदन बुझाउनेछ।
- MWRA र क्याम्ब्रिज तथा सोमरभिल शहरले उनीहरूको CSO दीर्घकालीन नियन्त्रण योजनाहरू (LTCPs) को मस्यौदा डिसेम्बर 2025 सम्म र अन्तिम योजनाहरू डिसेम्बर 2026 सम्ममा बुझाउनेछन्। सो LTCP हरूमा जलवायु परिवर्तनलाई समावेश गरिएको हुनेछ।
- प्रत्येक वर्षको अप्रिल 15 सम्ममा, MWRA र क्याम्ब्रिज तथा सोमरभिल शहरद्वारा एउटा संयुक्त प्रेस विज्ञप्ति जारी गरिनेछ जस अन्तर्गत CSO स्थलहरू, CSO घटनाहरूद्वारा उत्पन्न सम्भावित स्वास्थ्य जोखिमहरू, र जन सूचनाहरू प्राप्त गर्ने तरिकाहरू समावेश गरिएको हुनेछ।
- MWRA र क्याम्ब्रिज तथा सोमरभिल शहरले उनीहरूको आ-आफ्नो MassDEP-अनुमोदित CSO जन सूचना योजनाहरूको पालना गर्नेछ।
- MWRA र क्याम्ब्रिज तथा सोमरभिल शहरले CSO हरूका लागि संघीय नौ न्यूनतम नियन्त्रणहरू लागू गर्न जारी राख्नेछन्।
- MWRA र क्याम्ब्रिज तथा सोमरभिल शहरद्वारा CSO डिस्चार्जहरूमा अझ कमी ल्याउने उद्देश्यले थप पानीको प्रवेश/अन्तर्वाह न्युनिकरण गर्ने कार्य, र प्रणाली अनुकूलन उपायहरू लगायतका प्रदूषक न्यूनीकरण कार्यक्रम लागू गरिनेछ।
- MWRA र क्याम्ब्रिज तथा सोमरभिल शहरले MassDEP द्वारा जुलाई 2022 मा अनुमोदित CSO दीर्घकालीन नियन्त्रण योजनाहरू (LTCPs) को लागि आफ्नो कार्यक्षेत्र र समयहरू लागू गर्नेछन्।
- CSO LTCP हरूको मस्यौदा डिसेम्बर 31, 2025 सम्ममा MassDEP र EPA मा समीक्षाको लागि पेश गरिनेछ।
- अन्तिम CSO LTCP हरू समीक्षाको लागि जनवरी 31, 2027 सम्ममा म्यासाचुसेट्स पर्यावरण संरक्षण अधिनियम कार्यालयमा बुझाइनेछ।

## EJ समुदाय:

यस परिवर्तनमा एलेवाइफ ब्रूक र अपर मिस्टिक नदीमा निस्कने र क्याम्ब्रिज, आर्लिंगटन, सोमरभिल, मेडफोर्ड, र एभरेटका EJ समुदायहरूमा अवस्थित CSO हरू समावेश गरिएको छ। एलेवाइफ ब्रूक र अपर मिस्टिक नदीमा निस्कने र MWRA अथवा क्याम्ब्रिज वा सोमरभिल शहरको स्वामित्वमा रहेका CSO हरूलाई तल दिइएको नक्सामा एलेवाइफ ब्रूक र अपर मिस्टिक नदीको किनारमा रातो बिन्दुको रूपमा दर्शाइएको छ।




डेटा यहाँबाट लिइएको हो: म्यासाचुसेट्स 2020 पर्यावरण न्याय जनसंख्या।

MWRA र क्याम्ब्रिज तथा सोमरभिल शहरले एलेवाइफ ब्रूक र अपर मिस्टिक नदीमा अवस्थित CSO हरूका सम्बन्धमा पर्यावरण समूहहरू र EJ समुदायहरूमा आवधिक आउटरीच कार्यक्रम सञ्चालन गर्दछ। थप जानकारीको लागि यहाँ जानुहोस्: संयुक्त ढल अतिप्रवाह नियन्त्रण योजना कार्यक्रम - क्याम्ब्रिज, MWRA, र सोमरभिलद्वारा संयुक्त प्रयास।

## यस परिवर्तनका बारेमा थप जानकारीको लागि:

यदि MWRA र क्याम्ब्रिज शहरको लागि CSO परिवर्तनलाई नवीकरण गर्ने अस्थायी निर्णय साथै सार्वजनिक टिप्पणी अवधिको बारेमा तपाईं सूचित हुन चाहनुहुन्छ भने, कृपया क्याथी कोनियारिसलाई catherine.coniaris@mass.gov वा 617-835-6693 मा सम्पर्क गर्नुहोस्।

**अन्य सम्पर्कहरू:**

MWRA: जेरेमी हल, jeremy.hall@mwra.com, 617-570-5461

सोमरभिल शहर: लुसिका हिलर, lhiller@somervillema.gov, 617-448-3716

क्याम्ब्रिज शहर: क्याथरिन डेली वुडबरी, cwoodbury@cambridgema.gov, 617-349-4818

# सारांश तथ्यपत्र
# संयुक्त ढल अतिप्रवाह परिवर्तन जारी
# म्यासाचुसेट्स जल स्रोत प्राधिकरण तथा क्याम्ब्रिज शहर

**परिचय:**

संयुक्त राज्य अमेरिकाका बोस्टन जस्ता पुराना सहरहरू साथै वरपरका धेरैवटा सहरहरूमा वर्षाको भल र ढललाई एउटै पाइपद्वारा फोहोर पानी प्रशोधन केन्द्रहरूमा पुर्‍याउने गरि डिजाइन गरिएको थियो। यद्यपि, अत्यन्त ठूलो वर्षामा यी पाइपहरूद्वारा सम्पूर्ण पानी जान नसकेर घरहरूमा ढल फिर्ता आउन नदिनको लागि, यी संयुक्त ढलहरूमा संयुक्त ढल अतिप्रवाह (CSOs) नामक राहत बिन्दुहरू समावेश गरियो, जहाँ पाइपहरूबाट ढल निस्कासन गराएर अप्रशोधित ढललाई बाहिर वातावरणमा छाडिने गरियो। यी अतिप्रवाहहरूलाई कम गर्ने वा हटाउने कार्य जटिल र महँगो हुन्छ।

सन् 1990 को दशकदेखि यता, म्यासाचुसेट्स जल स्रोत प्राधिकरण (MWRA) र शहरहरू मिलेर उक्त CSO संरचनाहरूलाई बन्द गर्न साथै बाँकी रहेको CSO बाट कति पटक र कति मात्रामा अप्रशोधित वा आंशिक रूपमा प्रशोधित फोहोर पानीलाई बाहिर फ्याँक्ने यसमा कमी ल्याउन काम गरेका छन्।

सन् 1997 मा, म्यासाचुसेट्स वातावरण संरक्षण विभाग (MassDEP) ले MWRA र क्याम्ब्रिज शहरलाई CSO डिस्चार्जलाई कम गर्ने वा हटाउने परियोजनाहरू डिजाइन र निर्माण गरिने अवस्थामा एउटा सीमित अवधि सम्म तल्लो चार्ल्स नदी र चार्ल्स नदी घाँटी क्षेत्रमा पानीको ब्याक्टेरिया सम्बन्धी गुणस्तर मापदण्डहरू पूर्ति गर्न सक्ने गरि राज्य सतह जल गुणस्तर मापदण्डहरू (एक परिवर्तनको रूपमा) मा अस्थायी परिवर्तन गरेको छ। उक्त परिवर्तनलाई धेरै पटक नवीकरण गरिएको छ। हालको परिवर्तनको म्याद 30 अगस्ट 2024 मा समाप्त हुन्छ। MWRA र क्याम्ब्रिज शहरद्वारा गर्नुपर्ने काम अझै बाँकी रहेकोले, MassDEP ले पाँच वर्षसम्म यो परिवर्तनलाई नवीकरण गर्ने सार्वजनिक प्रक्रिया सुरु गरेको छ।

**जन सहभागिता र टिप्पणी:**

- MassDEP ले पाँच वर्षसम्मको लागि परिवर्तन नवीकरण गर्ने अस्थायी निर्णय जारी गर्नेछ। जनताले मार्च 8, 2024 मा सुरु भएर अप्रिल 22, 2024 मा समाप्त हुने 45-दिनको टिप्पणी अवधि भित्र आफ्नो टिप्पणीहरू बुझाउन सक्छन्।
- अस्थायी निर्णय र प्राविधिक तथ्यपत्रको समीक्षा कसरी गर्ने साथै मार्च 28, 2024 मा हुने जन सुनुवाइमा उपस्थित हुन कसरी दर्ता गर्ने भन्ने विषयमा जानकारी MassDEP को जन सुनुवाइ र टिप्पणी वेबपृष्ठमा पाउन सकिन्छ।
- सार्वजनिक टिप्पणी अवधि पूरा भएपछि, MassDEP ले प्राप्त टिप्पणीहरूको समीक्षा गरेर अन्तिम निर्णय जारी गर्नेछ।

- यदि परिवर्तन नवीकरणको बारेमा तपाईंको कुनै प्रश्नहरू छन् भने वा थप जानकारी चाहनुहुन्छ भने, कृपया तल दिइएको MassDEP कर्मचारीहरूलाई सम्पर्क गर्नुहोस्।

**MWRA र क्याम्ब्रिज शहरका लागि प्रस्तावित आवश्यकताहरूको सारांश:**

- CSO डिस्चार्जहरूलाई परिवर्तनमा उल्लेख भएअनुसार सीमित गरिनेछन्।
- MWRA ले आफ्नो नदीको पानीको गुणस्तर अनुगमन कार्यक्रम जारी राख्नेछ र MassDEP र संयुक्त राज्य वातावरण संरक्षण निकाय (EPA) लाई वार्षिक रूपमा प्रतिवेदन बुझाउनेछ।
- सन् 2024 को अन्त्य सम्ममा, MWRA ले सबै 86 आउटफलहरूका सम्बन्धमा MassDEP र EPA लाई सूचित 16 वटा गैर-अनुपालनकर्ता आउटफलहरूमा केन्द्रित रहेर एउटा पूरक प्रतिवेदन बुझाउनेछ।
- सन् 2025 देखि, MWRA र क्याम्ब्रिज शहरले MassDEP र EPA लाई वार्षिक CSO डिस्चार्ज प्रतिवेदन बुझाउनेछ।
- MWRA र क्याम्ब्रिज शहरले उनीहरूको CSO दीर्घकालीन नियन्त्रण योजनाहरू (LTCPs) को मस्यौदा डिसेम्बर 2025 सम्म र अन्तिम योजनाहरू डिसेम्बर 2026 सम्ममा बुझाउनेछन्। सो LTCP हरूमा जलवायु परिवर्तनलाई समावेश गरिएको हुनेछ।
- प्रत्येक वर्षको अप्रिल 15 सम्ममा, MWRA र क्याम्ब्रिज शहरद्वारा एउटा संयुक्त प्रेस विज्ञप्ति जारी गरिनेछ जस अन्तर्गत CSO स्थलहरू, CSO घटनाहरूद्वारा उत्पन्न सम्भावित स्वास्थ्य जोखिमहरू, र जन सूचनाहरू प्राप्त गर्ने तरिकाहरू समावेश गरिएको हुनेछ।
- MWRA र क्याम्ब्रिज शहरले उनीहरूको आ-आफ्नो MassDEP-अनुमोदित CSO जन सूचना योजनाहरूको पालना गर्नेछ।
- MWRA र क्याम्ब्रिज शहरले CSO हरूका लागि संघीय नौ न्यूनतम नियन्त्रणहरू लागू गर्न जारी राख्नेछन्।
- MWRA र क्याम्ब्रिज शहरद्वारा CSO डिस्चार्जहरूमा अझ कमी ल्याउने उद्देश्यले थप पानीको प्रवेश/अन्तर्वाह न्युनिकरण गर्ने कार्य, र प्रणाली अनुकूलन उपायहरू लगायतका प्रदूषक न्यूनीकरण कार्यक्रम लागू गरिनेछ।
- MWRA र क्याम्ब्रिज शहरले MassDEP द्वारा जुलाई 2022 मा अनुमोदित CSO दीर्घकालीन नियन्त्रण योजनाहरू (LTCPs) को लागि आफ्नो कार्यक्षेत्र र समयहरू लागू गर्नेछन्।
- CSO LTCP हरूको मस्यौदा डिसेम्बर 31, 2025 सम्ममा MassDEP र EPA मा समीक्षाको लागि पेश गरिनेछ।
- अन्तिम CSO LTCP हरू समीक्षाको लागि जनवरी 31, 2027 सम्ममा म्यासाचुसेट्स पर्यावरण संरक्षण अधिनियम कार्यालयमा बुझाइनेछ।

**EJ समुदाय:**

यस परिवर्तनमा तल्लो चार्ल्स नदी र चार्ल्स नदी घाँटीमा निस्कने तथा वाटरटाउन, क्याम्ब्रिज र बोस्टनका EJ समुदायहरूमा अवस्थित CSO हरू समावेश गरिएको छ। तल्लो चार्ल्स नदी/चार्ल्स नदी घाँटीमा निस्कने र MWRA अथवा क्याम्ब्रिज शहरको स्वामित्वमा रहेका CSO हरूलाई तल दिइएको नक्सामा चार्ल्स नदीको किनारमा रातो बिन्दुको रूपमा दर्शाइएको छ।




डेटा यहाँबाट लिइएको हो: म्यासाचुसेट्स 2020 पर्यावरण न्याय जनसंख्या।

MWRA र क्याम्ब्रिज शहरले तल्लो चार्ल्स नदी/चार्ल्स नदीमा अवस्थित CSO हरूका सम्बन्धमा पर्यावरण समूहहरू र EJ समुदायहरूमा आवधिक आउटरीच कार्यक्रम सञ्चालन गर्दछ। थप जानकारीको लागि यहाँ जानुहोस्: संयुक्त ढल अतिप्रवाह नियन्त्रण योजना कार्यक्रम - क्याम्ब्रिज, MWRA, र सोमरभिलद्वारा संयुक्त प्रयास।

**यस परिवर्तनका बारेमा थप जानकारीको लागि:**

यदि MWRA र क्याम्ब्रिज शहरको लागि CSO परिवर्तनलाई नवीकरण गर्ने अस्थायी निर्णय साथै सार्वजनिक टिप्पणी अवधिको बारेमा तपाईं सूचित हुन चाहनुहुन्छ भने, कृपया क्याथी कोनियारिसलाई catherine.coniaris@mass.gov वा 617-835-6693 मा सम्पर्क गर्नुहोस्।

**अन्य सम्पर्कहरू:**

MWRA: जेरेमी हल, jeremy.hall@mwra.com, 617-570-5461

क्याम्ब्रिज शहर: क्याथरिन डेली वुडबरी, cwoodbury@cambridgema.gov, 617-349-4818